# सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड
**SAPTAKOSHI DEVELOPMENT BANK LIMITED**

**"हाम्रो समुदाय हाम्रो बैंक"**

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

टंकिसिनवारी-२, मोरङ्ग

कर्पोरेट कार्यालयः विराटनगर-९, मोरङ्ग, फोन नं. ०२१-५२८१३५, ५२८१३७ फ्याक्सः ०२१-५२८१४०

इमेलः info@skdbl.com.np, वेवसाइटः www.skdbl.com.np


को

# संस्थापक समूहको अवितरित हकप्रद शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने बारेको शिलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरू मिति : २०७४/०७/२२**

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७४/०७/२९**

यस सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको अवितरित हकप्रद शेयरको बिक्रीको लागि मिति २०७४/०६/१० गते सूचना प्रकाशित गरी मिति २०७४/०६/२५ गतेदेखि २०७४/०७/०१ गतेसम्म बिक्री खुला गरी आवेदन माग गरिएकोमा **संस्थापक समूहतर्फ ८,१६,६७७ कित्ता** शेयरको लागि आवेदन नपरेकाले प्रचलित नियम कानून तथा नेपाल राष्ट्र बैंकद्वारा जारी एकिकृत निर्देशन, २०७४ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को निर्देशन नं. १५ मा उल्लेखित प्रावधानको अधिनमा रही उक्त शेयरहरू लिलाम बढाबढ गरी बिक्री गर्न यस डेभलपमेन्ट बैंकको संचालक समितिको निर्णयानुसार संस्थापक शेयर खरीदको लागि ईच्छुक विद्यमान संस्थापक तथा अन्य व्यक्ति, संस्था वा कम्पनीले मिति २०७४/०७/२९ गतेभित्र तल उल्लेखित संकलन केन्द्रहरूमा आईपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

**संकलन केन्द्रहरु :**

| सि.नं. | संकलन केन्द्र | सि.नं. | संकलन केन्द्र |
|---|---|---|---|
| १. | एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाण्डौं | ५. | एनएमबि बैंक लिमिटेड, शा. का. मिलनचोक, बुटवल |
| २. | सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड, विराटनगर | ६. | एनएमबि बैंक लिमिटेड, शाखा कार्यालय नेपालगञ्ज |
| ३. | एनएमबि बैंक लिमिटेड, शाखा कार्यालय वीरगञ्ज | ७. | एनएमबि बैंक लिमिटेड, शाखा कार्यालय सुर्खेत |
| ४. | एनएमबि बैंक लिमिटेड, शाखा कार्यालय पोखरा | ८. | एनएमबि बैंक लिमिटेड, शाखा कार्यालय धनगढी |

**लिलाम बढाबढद्वारा बिक्री गरिने धितोपत्रको विवरण :**

**संस्थापक तथा सर्वसाधारणहरुको लागि बिक्री गर्नुपर्ने शेयर : ८,१६,६७७ कित्ता**

**शर्तहरूः**

१. बोलपत्र आवेदन फारम माथि उल्लेखित संकलन केन्द्रहरूबाट रू. १००/- नगद भुक्तानी गरी प्राप्त गर्न सकिने छ । साथै, सप्तकोशी डेभलेपमेन्ट बैंक तथा एनएमबि बैंकका शाखा कार्यालयहरूबाट आवेदन दिन चाहने आवेदनकर्ताहरूले सम्बन्धित बैंकको छाप लगाएको आवेदन फारम खरीद गरी लिनुपर्नेछ । छाप नलगाएको आवेदन फारमलाई अयोग्य ठहराई बाँडफाँडमा समावेश गरिने छैन ।

२. शेयरको न्युनतम मूल्य प्रति शेयर रू. १००।- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एकै व्यक्ति वा कम्पनीले एउटा मूल्यमा एउटा आवेदन फारम मार्फत मात्र शेयर खरीदको लागि आवेदन फारम पेश गर्नुपर्नेछ । साथै, बोलपत्र फाराम लाहाछाप लगाई शिलबन्दी गरिएको हुनुपर्नेछ ।

३. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन । साथै, आवेदन गर्ने कित्ता पूर्ण कित्तामा हुनुपर्नेछ ।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, टेलिफोन नम्बर तथा आफ्नो हितग्राही खाता नं. (Demat Account No.) लगायत बोलपत्र आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रूपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

५. संस्थापक शेयर खरीद गर्न ईच्छुक बोलपत्रदाताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसूचि ३) को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, प्यान नं. को प्रमाणपत्रको प्रतिलिपी, पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्साको प्रतिलिपि संलग्न गर्नुपर्नेछ । साथै, विद्यमान संस्थापकहरूले आपनो आय श्रोतको विवरण वा स्वःघोषणा समेत पेश गर्नुपर्नेछ ।

६. बोलपत्र पेश गर्दा न्यूनतम १००० कित्ता वा सो भन्दा बढीको लागि १० अंकको गुणाङ्कमा नेपाल राष्ट्र बैंकले तोकेको प्रति व्यक्ति सीमाको अधिनमा रहने गरी आवेदन दिन सकिनेछ । रू. १० लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रूपमा र रू.१० लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रूपमा आफ्नो प्यान नं. आवेदन फारममा उल्लेख गर्नुपर्नेछ ।

८. शेयर आवेदन फारम नेपाली तथा अंग्रेजी भाषामा पूर्ण रूपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम **NMBCL-Right SKDBL 2073/074** नाममा एनएमबि बैंक लिमिटेडमा रहेको खाता नं. **००१३०६०००५४०१०००००१९५** मा धरौटी वापत जम्मा गरेको सक्कल नगद भौचर संलग्न गर्नुपर्नेछ । साथै, चेकको माध्यमबाट आवेदन गर्नेको हकमा एनएमबि क्यापिटल लिमिटेडको नाममा जारी गरिएको नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको **Good For Payment** गरिएको **A/C Payee Cheque** मात्र संलग्न गर्नुपर्नेछ । सो नभएको चेकलाई मान्यता दिईनेछैन । साथै **Good For Payment** गर्दा लाग्ने शुल्क तथा **रू. २ लाख भन्दा बढी रकमको Good For Payment को चेक जम्मा गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क वापतको रकम आवेदक स्वयंले व्यहोर्नुपर्नेछ ।**

९. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था हुनुपर्नेछ । आवेदक संगठित संस्था, फर्म, वा कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, प्यान नं. तथा शेयर खरीद गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय, अख्तियारनामाको प्रतिलिपि, संस्था प्रमुखको नागरिकताको प्रमाणित प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

१०. बोलपत्र आवेदन पेश गर्दा शिलबन्दी खाम बाहिर "**सप्तकोशी-शेयर खरीद आवेदन (संस्थापक समूह)**" उल्लेख भएको हुनुपर्नेछ ।

११. बोलपत्र आवेदन मिति २०७४/०७/२९ गते अपरान्ह ३:०० बजेभित्र यस निष्काशनका लागि तोकिएको संकलन केन्द्रहरूमा दर्ता भई सक्नु पर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईने छैन ।

१२. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।

१३. प्राप्त बोलपत्रहरू तोकिएका संकलन केन्द्रहरूबाट निष्काशन तथा बिक्री प्रवन्धकको कार्यालयमा प्राप्त भए पश्चात सार्वजनिक सूचना प्रकाशित गरी बोलपत्र खोलिने मिति, समय र स्थानको बारेमा जानकारी गराईने छ ।

१४. काबु बाहिरको परिस्थिति पर्न गई निष्काशन तथा बिक्री प्रवन्धको कार्यालयमा समयमा बोलपत्र प्राप्त हुन नसकेमा सो व्यहोरा नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई निर्देशन बमोजिम गरिनेछ । साथै, काबु बाहिरको परिस्थिति पर्न गई कुनै संकलन केन्द्रबाट बोलपत्र फारम पठाउन नसकिने भएमा नेपाल धितोपत्र बोर्डको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडी बढाईने छ ।

१५. उपत्यका बाहिरका संकलन केन्द्रहरूबाट संकलित आवेदनहरू कुरियर मार्फत पठाउनु पर्ने भएकोले कुनै कारणवश संकलन केन्द्रबाट कुरियर मार्फत पठाईएको आवेदन फारम प्राप्त नभएमा वा नष्ट भएमा नेपाल धितोपत्र बोर्डको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडी बढाईने छ ।

१६. प्राप्त बोलपत्रहरूको छानविन गरी रितपूर्वक प्राप्त बोलपत्रहरूमध्ये सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बाँडफाँड गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यसपछिको बढी रकम कबोल गर्नेलाई क्रमशः बाँडफाँड गरिने छ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा एउटै मूल्यमा दुई वा दुई भन्दा बढी बोलपत्र आवेदनहरू पर्न गई बाँडफाँड हुन बाँकी शेयर भन्दा बढीको माग भएमा माग गरेको शेयरको आधारमा समानुपातिक रूपमा शेयर बाँडफाँड गरिनेछ । यसरी समानुपातिक रूपमा बाँडफाँड गर्दा समेत केही शेयर बाँकी रहन गएमा यस विकास बैंकको सञ्चालक समितिको निर्णयानुसार हुनेछ ।

१७. माथि बुँदा नं. १६ बमोजिम बाँडफाँडमा परेका बोलपत्रदाताहरूमध्ये शेयर बाँडफाँड गर्न नियमनकारी निकायको स्वीकृति आवश्यक पर्ने बोलपत्रदाताहरूको विवरण सो निकायमा पेश गर्दा कथंकदाचित नियमनकारी निकायबाट स्वीकृति प्राप्त नभएमा वा माग गरेको रकममध्ये आंशिक रकमको लागि मात्र स्वीकृति प्राप्त भएमा सोही अनुसार बाँडफाँड गरिनेछ । यसरी गरिएको बाँडफाँड बोलपत्रदातालाई स्वीकार्य हुनुपर्नेछ ।

१८. माथि बुँदा नं. १७ बमोजिम नियमनकारी निकायको स्वीकृति बमोजिम शेयर बाँडफाँड गर्दा शेयर बाँकी रहन गएमा बाँडफाँडमा नपरेका रितपूर्वकको आवेदन पेश गर्ने बोलपत्रदाताहरूमध्ये प्रति शेयर अधिकतम मूल्य कबोल गर्ने बोलपत्रदाताहरूलाई क्रमशः बाँकी रहेको शेयर शेयर बाँडफाँड गर्न नियमनकारी निकायको स्वीकृति आवश्यक पर्ने भएमा बोलपत्रदाताहरूको विवरण सो निकायमा पेश गरी सोही निकायको स्वीकृति अनुसार माग गरे बमोजिम वा सो को आंशिक संख्यामा शेयर बाँडफाँड गरिनेछ ।

१९. बोलपत्र आवेदनहरू मध्ये बाँडफाँडमा नपरेका आवेदकहरूको बोलकबोल वापत जम्मा भएको रकम धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम आवेदकले आवेदन फाराममा उल्लेख गरेको बैंक खातामा जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी गरिनेछ । साथै यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

२०. यस सूचना बमोजिम निष्काशन गरिएको शेयरका लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरिदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदनलाई बाँडफाँड गरी बाँकी रहेको शेयर पुनः लिलाम बढाबढ गरी बिक्री गरिनेछ ।

२१. शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँड गर्न सक्ने वा बोलपत्र आवेदन तथा शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार यस कम्पनीको सञ्चालक समितिमा रहनेछ ।

**बिक्री प्रबन्धकः**


NMB CAPITAL LIMITED

**एनएमबि क्यापिटल लिमिटेड**

नागपोखरी, काठमाडौं, नेपाल

फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०

E-mail: info@nmbcl.com.np, Url: www.nmbcl.com.np